DOI: https://doi.org/10.3126/cognition.v6i1.64483

# सुवेदीको ‘लाशहरू उठेपछि’ नाटकमा शरीर राजनीति
## (Body politics in Subedi's play 'Lasharu Uthepachi')

**डा. शोभाकुमारी ढुङ्गाना**[१]

*लेखसार*

*प्रस्तुत अनुसन्धानमूलक लेख सुवेदीको ‘लाशहरू उठेपछि’ नाटकमा शरीर राजनीति शीर्षकमा केन्द्रित रहेर अध्ययन गरिएको छ । मिसेल फुको र नारीवादीहरूका शरीर राजनीतिसम्बन्धी अवधारणालाई सैद्धान्तिक आधार मानेर अध्ययन गरिएको यस लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । महिला र पुरुषबिच लैङ्गिक विभेद ल्याउने प्रमुख तत्त्व पितृसत्तात्मक सोच हो । नाटककार रोशन सुवेदीले यस नाटकमा नेपाली समाजमा पितृसत्ताद्वारा नारी शरीरमाथि हुने गरेका शोषण र उत्पीडनको यथार्थ चित्रण गरी अन्याय र अत्याचारको विरुद्धमा प्रतिरोधी चेतना जगाउने कार्य गरेका छन् । नाटकमा हर्केले तिन सन्तानकी आमा भैसकेकी आफ्नै श्रीमती सुनमायालाई वस्तुकरण गरी भारतको कोठीमा लगेर बेचेपछि एड्स लागेर मृत्यु भएको छ । दाइजो ल्याइन भनेर लोग्ने र परिवार मिलेर नव दुलहीलाई मट्टितेल खन्याई जिउँदै जलाएर मारिएको छ । लोग्नेले छोरी छोरी पाई भनेर सौता हाली कुटपिट गरेर निकालिएपछि दुई छोरी च्यापेर माइत गएकी धनमायाले माइतमा पनि बास नपाएपछि लाशमा परिणत भएकी र छोरीहरू पनि बिचल्ली भई लाश भैसकेका छन् । बोक्सीको आरोप लगाई सारा गाउँलेहरू मिलेर सामुहिक रूपमा कुटपिट गरी मानव मल खुवाएर रागिनीदेबीलाई गाउँबाट निकालेपछि लाशमा परिणत भएकी छ । जड्याहा लोग्नेबाट रातदिन रक्सी धोकेर गधालाईझैँ निर्घात कुटेर मारिनीदेबी लाश भएकी छ । जबसम्म पुरुषप्रधान पितृसत्तात्मक सामाजिक संरचनाको अन्त्य हुँदैन तबसम्म नारी शरीरमाथि गरिने शोषणको पनि अन्त्य हुनसक्दैन । पुरुषका अधीनस्थता र शोषणबाट महिला शरीरलाई मुक्त राख्नका लागि उत्पीडित नारीहरूले अन्यायका विरुद्ध सङ्गठित भएर आवाज उठाउनुपर्दछ भन्ने उद्घोषपछि मृत अवस्थामा पुगेर मञ्चमा लडिरहेका आत्माहरू समेत अकस्मात चलमलाएर अब हामी पनि जीवन बाँच्नुपर्छ भन्दै अपराधीहरूको खोजीमा लागेको देखाएर नाटकमा नारी जीवनको उज्वल भविष्यको सङ्केत गरिएको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी** : पितृसत्ता, वस्तुकरण, प्रतिरोध, अधिनस्थता, लैङ्गिक विभेद ।

## १. विषयपरिचय

नाटककार रोशन सुवेदीको ‘लाशहरू उठेपछि’ वि.सं. २०६० मा समकालीन साहित्य पत्रिकामा प्रकाशित नाटक हो । उनको यो नाटक नेपालको पितृसत्तात्मक सामाजिक संरचनाको कार्यपीठिकामा संरचित छ । देशमा ठुला ठुला आन्दोलनहरू भए । पटक पटक राजनीतिक परिवर्तनहरू भए तर पनि रोग, भोक, गरिबी, असमानता,

१. उपप्राध्यापक, नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रिवि, पाटन ढोका, ललितपुर, नेपाल, ईमेलः dhungana.shova052@gmail.com

*Received on Nov. 26, 2023 Accepted on Jan. 10, 2024 Published on Jan. 31, 2024*

पितृसत्तात्मक शोषण र उत्पीडन समाप्त हुन सकेन । जातीयताका विभेदहरू, लैङ्गिक विभेदबाट उत्पन्न नारीका पीडाहरू आज पनि यथावत् छन् । नाटककार सुवेदी पनि देशमा विद्यमान गरिबी, असमानता, वर्गीय शोषण र पितृसत्ताद्वारा नारी शरीरमाथि हुने किनबेच, हत्या, हिंसा, बलात्कारजस्ता त्रासदीय घटनाहरूलाई विषयवस्तु बनाएर कलम चलाउने नाटककार हुन् । अहिलेसम्म शरीर राजनीतिलाई सैद्धान्तिक आधार मानेर नाटककार सुवेदीको 'लाशहरू उठेपछि' नाटकको अध्ययन भएको छैन । यस अध्ययनमा 'लाशहरू उठेपछि' नाटकका पात्रहरूमा निहित पितृसत्तात्मक सोच र त्यसबाट नारी शरीरको प्रयोग कसरी गरिएको छ भनी विश्लेषण गरिएको छ। प्रस्तुत नाटकमा नाटकका नारी पात्रहरू सुनमाया, धनमाया, सरस्वतीहरू, रागिनी देवीहरू, मारिनीदेवीहरू जस्ता नेपाली नारीहरूको शरीरलाई वस्तुकरण गरी आफ्नै श्रीमान् र परिवारका सदस्यहरूबाट भारतको वेश्यालयका कोठीमा बेचेर एड्स जस्तो प्राणघातक रोग लागि लाश बनेका, दाइजो नल्याएको निहुँमा मट्टितेल खन्याएर जिउँदै जलाएर मारिएका, छोरी छोरी पाई भनेर सौता हाली कुटपिट गरेर निकालिएपछि लाशमा परिणत भएका, बोक्सीको आरोप लागेर मानव मल खुवाएर गाउँबाट निकालिएका, जड्याहा लोग्नेबाटे रक्सीको मातमा गधाझैँ निर्घात कुटिएर लाश बनेका नारीहरूका उत्पीडन र पीडाको अध्ययन गरिएको छ ।

## २. अध्ययन विधि

प्रस्तुत अनुसन्धानका लागि प्रथम सामग्रीका रूपमा रोशन सुवेदीको 'लाशहरू उठेपछि' नाटकलाई र सैद्धान्तिक आधारका लागि द्वितीय स्रोतका रूपमा शरीर राजनीतिसम्बन्धी विभिन्न पुस्तक तथा लेखहरूलाई आधार बनाइएको छ । सामग्री सङ्कलन पुस्तकालयबाट गरिएको छ । निगमन विधिबाट शरीर राजनीतिको सैद्धान्तिक आधार तयार गरिएको छ । यस शोध लेखको अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## ३. सैद्धान्तिक पर्याधार

शरीर भन्नाले हाड, मासु, रगत मिलेर बनेको भौतिक तथा जैविक शरीर हो। अर्काको शरीरलाई आफ्नो अधीनमा राख्न खोज्नु शरीर राजनीति हो । प्राचीन कालदेखि नै धनीले गरीबलाई, पुरुषले महिलालाई, ठुला जातले साना जातलाई, शक्तिशालीले शक्तिहीनलाई आफ्नो अधीनमा राख्दै आएको पाइन्छ। यसरी प्राचीन कालदेखि नै शरीरमाथि राजनीति गर्दिँदै आएको भए पनि औपचारिक रूपमा भने अमेरिकी सांस्कृतिक अध्ययन केन्द्रले १९७० को दशकबाट शरीर राजनीतिसम्बन्धी अवधारणाको विकास गरेको हो। सर्वप्रथम यस अवधारणा नारीवादी समालोचकहरूले अगि सारेका हुन् । मार्क्सवादको विकल्पका रूपमा ल्याइएको शरीर राजनीतिको अवधारणा सांस्कृतिक अध्ययनसँग सम्बन्धित छ । समाज र संस्कृतिबाट शरीर अलग रहन सक्दैन । संस्कृतिले शरीरमाथि विभिन्न प्रभाव पारिरहेको हुन्छ। पितृसत्तात्मक समाज र संस्कृतिले महिला र पुरुषलाई छुट्टाछुट्टै भूमिका प्रदान गरेको छ। यही सामाजिक तथा सांस्कृतिक भूमिकाद्वारा सृजित विचार र प्रभुत्वका आधारमा गरिने राजनीति नै शरीर राजनीति हो। मिसेल फुकोले शरीरलाई शक्ति र राजनीतिसँग सम्बन्धित रहेको बताएका छन् । उनले शरीर राजनीतिक क्षेत्र हो र यो शक्तिका अधीनमा हुन्छ भनेका छन् । यतिमात्र नभएर उनले शरीर शक्ति र शोषणसँग पनि सम्बन्धित रहेको बताएका छन् (सन् १९८९, पृ. ३०) ।

शक्तिशालीहरूले अधीनस्थहरूलाई आफ्नो अधीनमा राखेर शरीरमाथि राजनीति गरिरहेका हुन्छन् भन्ने मत फुकोको रहेको छ। "शरीरको शोषण र अधीनस्थताका कारण शरीर राजनीतिको जन्म भएको हो। शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्दछ र पुरुषका अधीनस्थता र शोषणबाट महिला शरीरलाई मुक्त राख्नुपर्दछ" (भट्टराई, २०६८, पृ. २६९)। भट्टराईका अनुसार शरीर राजनीतिले पितृसत्ताको शोषणबाट महिला शरीर मुक्त रहनुपर्दछ ।

नारीवादीहरूले प्रजननन अधिकार र पितृसत्ताद्वारा गरिने नारी हिंशाका विषयलाई लिएर शरीर राजनीतिको अवधारणा अघि सारेका छन्। यसमा फ्रान्सेली नारीवादीहरू जुलिया, क्रिस्टेभा र लुसी इरिगेरी, सुलामिथ फायरस्टोन, क्याथरिन म्याकिनन प्रमुख मानिन्छन्। इरिगेरीले मातृत्वको मूल्य पितृसत्ताबाट नै स्थापना गरिएको र महिलाले त्यसमा आफ्नो सत्व खोजिरहेका विचार व्यक्त गरेकी छन्। उनले महिला एक उत्पादित वस्तु हो जसलाई वस्तुझैँ उपभोग गरिन्छ। महिलालाई सामाजिक, आर्थिक र राजनैतिक र यौनका विषयमा समेत विचार राख्न बन्देज लगाइन्छ। यसरी महिलाहरू आफ्नो विचारको सम्प्रेषण गर्नबाट समेत वञ्चित भएर शोषित बनेका छन् (सन् १९७७ पृ.८४) । पितृसत्तात्मक संस्कृतिले महिलालाई वस्तुका रूपमा हेर्ने गरिएको र उसको मातृत्वको मूल्यसमेत पितृसत्ताबाट निर्धारित भएको भन्ने इरिगेरीको धारणा रहेको छ। क्याटरिन म्याकिननका विचारमा समाजमा पुरुषको महिलामाथिको शक्ति उसका महिला विरोधी पौरुष यौनिक अपराधबाट बढेको हो। उनका अनुसार यौनिकताका अन्य पुरुषको हेपाइ महिलाको अधीनतालाई पक्कापक्की गर्नु मात्र नभएर कामुकतासम्म पनि पुगेको हुन्छ। यौनिकता त्यस्तो शक्तिशाली कुरा हो जसको माध्यमले पौरुष हेपाइलाई विभिन्न स्वरूपमा संस्थागत गरिएको हुन्छ। बलात्कार यसको एउटा उदाहरण हो भन्ने कुरा टुना नेन्सी र टङरोज मेरीका फेमिनिज्म एण्ड फिलोसफी पुस्तकमा व्यक्त गरिएको छ (त्रिपाठी, २०७१, पृ. २७७)। समाजमा पुरुष र महिलाका बिच भिन्नता ल्याउने प्रमुख तत्त्व पितृसत्ता हो। पितृसत्ताले नारीलाई सधैभरि दाशी, भोग्या, खेलौना र वासनाको पुतली ठान्ने गरिएको पाइन्छ। धर्म, कानुन, आचार, विचार, सम्पत्ति सबै पुरुषहरूकै हितमा हुने गरी बनाइएको हुन्छ। यसमा परिवारको सम्पूर्ण सदस्यहरू पिता र पतिका अधीनमा रहन्छन्। पति नभए छोराका अधीनमा रहन्छन्। यस्तो समाजमा महिलाको श्रम शक्ति, यौनिकता, प्रजनन शक्ति, उपचार , पठन पाठन विवाह, सम्पत्ति, सम्पूर्ण साधन स्रोतमा पुरुषको नियन्त्रण रहन्छ।

नारीलाई भोग्या, दाशी र वस्तुको रूपमा चयन गरी उनीहरूको शरीरलाई अधीनमा राख्न खोज्ने, भोग्या ठानेर जबरजस्ती करणी गर्ने, तेजाव छर्ने, मट्टीतेल खन्याउने, बलात्कार गर्ने, बोक्सकिो बात लगाएर हत्या हिंसा गर्ने परम्परा पितृसत्ताकै उपज हुन्।

सुरुमा महिला शरीरको अध्ययन गर्ने क्रममा शरीर राजनीतिको अवधारणाको विकास भएको भए तापनि पछि आएर यसले पुरुष शरीरको पनि अध्ययन गर्न थालेको पाइन्छ। महिलाको मात्र नभएर पुरुष शरीर पनि अनेक बाध्यता र विवसतामा परेर प्रयोग भएको हुन्छ। पुरुषले घरमूली भएर सबै व्यवहार थाम्नु पर्ने, जसरी पनि कमाएर ल्याउनु पर्ने, कमाउन नसके लाछी हुतिहारा तथा नामर्द कहलिने र पिरपर्दा समेत रुन पनि नसक्ने अवस्थामा

हुन्छन् । यसरी संस्कृतिले पुरुष शरीरमाथि पनि राजनीति गरेको हुन्छ । शरीर राजनीतिको अध्ययनले महिला तथा पुरुष दुवैको शरीरमाथि गरिने विभेदका रूपहरूको अध्ययन गर्दछ र महिला, पुरुष कसैको शरीरमाथि कसैको अधीन हुनुहुँदैन भन्ने मत राख्दछ ।

## ४. शरीर राजनीतिका दृष्टिले 'लाशहरू उठेपछि' नाटकको अध्ययन

प्रस्तुत अध्ययन रोशन सुवेदीको 'लाशहरू उठेपछि' नाटकमा शरीर राजनीति शीर्षकमा केन्द्रित रहेको छ। अर्काको शरीरलाई आफ्नो अधीनमा राखी शोषण गर्नुलाई शरीर राजनीति भनिन्छ । शरीर राजनीतिले महिला र पुरुष दुवैको शरीरमाथि कसैको अधीन हुनुहुँदैन भन्ने मान्यता राख्दछ । महिला र पुरुषबिच लैङ्गिक विभेद ल्याउने प्रमुख तत्त्व पितृसत्तात्मक सोच हो । नेपाली समाज अझै पनि पितृसत्तात्मक सामाजिक, राजनैतिक व्यवस्थाको कार्यपीठिकामा संरचित छ । यस शोध लेखमा 'लाशहरू उठेपछि' नाटकका पात्रहरूमा निहित पितृसत्तात्मक सोच र त्यसबाट नारी शरीरमाथि गरिएको प्रयोगका रूपहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ४.१ श्रीमान्द्वारा वस्तुका रूपमा भारतका कोठीमा बेचिएकी नारीको पीडाको चित्रण

नाटकमा सर्वप्रथम आफ्नै श्रीमान्द्वारा सुनमायाको शरीरको शोषण गरिएको छ । सुनमाया हर्केकी श्रीमती हो । उनीहरूबिच सानैमा प्रेम बस्यो र छिट्टै उनीहरूले विवाह गरे । वर्षेनी सन्तान जन्मिए । निम्नवर्गीय धनेलाई घर व्यवहार टार्न मुस्किल पर्‍यो । अन्य गरिब गाउँलेहरूले जस्तै ऊ पनि कामको खोजीमा भौतारिँदै भारततिर लाग्यो । उसले कैयन नारीहरूलाई काममा लगाइदिने नाममा कोठीमा लगेर बेच्यो । हर्के पितृसत्तात्मक पुँजिवादी संस्कृतिको प्रभावमा परेर पैसैमात्र सबथोक हो भन्ने अवस्थामा पुगिसकेको थियो । उसले एक दिन आफ्नै श्रीमतीलाई पनि कोठीमा लगेर वस्तुसरह बिक्री गरेको कुरा नाटककारले यसरी व्यक्त गरेका छन् ः

अनि एक दिन उनलाई पनि
शहर घुमाउन लिएर गयो
उसले सरासर कोठीमा लगेर
पच्चीस हजार भारुमा बेच्यो
.................................
उसलाई तीन बच्चाकी
आमाको पनि दया लागेन
हर्के धेरै वर्षपछि गाउँमा फर्क्यो
र शहरमा घर किनेर बस्न थाल्यो
उसमाथि मुद्दा पनि चल्यो
तर पशुपतिनाथलाई प्रसाद चढाएर
अलिकति मिठाइ खुवाएर

मुद्दा पनि जित्यो
अनि ऊ सम्मानित सहरिया भयो। (पृ. ६९)

प्रस्तुत नाट्यांशअनुसार यहाँ आफ्नै श्रीमान्‌द्वारा तिन बच्चाकी आमा भैसकेकी सुनमायाको शरीरको श्वार्थपूर्ण प्रयोग भएको छ। पितृसत्तात्मक पूँजीवादी सोचले नारीलाई भोग्या र वस्तुका रूपमा हेर्दछ र उनीहरूका शरीरमाथि राजनीति गर्दछ। पितृसत्तात्मक व्यवस्थामा नियम, कानुन, सबै पुरुषकै पक्षमा बनेको हुन्छ। ठाउँ ठाउँमा वेश्यालय र मसाज सेन्टरका नामबाट नारीका इच्छा विपरीत नारी शरीरको शोषण गर्नु पितृसत्तात्मक विचार धाराकै उपज हो। हर्केले सुनमायाको शरीरमाथि भोग गर्नुसम्म गऱ्यो। तिन तिन सन्तानकी आमालाई पैसाकै लागि भारतको कोठीमा लगेर बेच्यो। उसलाई आफ्नै सन्तानप्रति पनि दया लागेन। विचरी सुनमाया आफ्ना प्राणभन्दा प्यारा सन्तान र आफन्तहरूबाट टाढिएर पराई मुलुकको कोठीमा बेचिएपछि अब उसको शरीर आफ्नो अधीनमा रहेन। कोठीको मालिकले जतिजनासँग भन्छ त्यतिसँग आफ्नो शरीर सुम्पन्न बाध्य भई। यसरी आफ्नै लोग्नेबाट बेचिएपछि पटक पटक बलात्कृत बनेकी सुनमायाको जीवनचर्या यसरी नै बित्न थाल्यो। हर्केका विरुद्ध उजुरी त पऱ्यो। न्याय गर्ने अधिकारीहरू पनि पितृसत्तात्मक विचारधाराकै उपज हुन्। हर्के अब गरिब र निरीह गाउँलेबाट ठुलो धनीमानी र शक्तिशाली भइसकेको थियो। फुकोले भनेजस्तै नारीलाई भोग्या र कठपुतली ठान्ने न्याय दिन बसेका ठेकेदारहरूलाई धन र कोसेलीको बुजो लगाएर मुद्दा जित्यो। त्यसपछि शहरमा आलिशान महल किनेर सुखमय जीवन बिताउन थाल्यो। समाजमा ऊ सम्मानित धनाढ्य व्यक्तिको रूपमा चिनियो।

आफ्नै पतिबाट धोका खाएर बारम्बार बलात्कृत हुँदै कोठीमा नारकीय जीवन भोगिरहेकी सुनमायाको बाँकी जीवन एड्सजस्तो प्राण घातक रोगले खाइदियो। सयौँतिर चाहार्दै नारीको शरीर चुस्न पल्केका भुसतिघ्रेहरूले सुनमायाको शरीरमा एड्स सारिदिएपछि उनको शरीर लाश बन्यो। नाटककार भन्दछन् :

अनि एकदिन बिरामी भएर नेपालको सीमानासम्म कोठीका मान्छेले जबरजस्ती ल्याएर छाडे एघार दिनपछि उनले प्राण छाडिन् अनि लाश बनिन्। (पृ. ७०)

काम छउन्जेल भाँडो, काम सकिएपछि ठाँडो भनजस्तै रोगले ग्रस्त भएपछि उपचार गर्नुको साटो कोठीबाट फिर्ता पठाएपछि सुनमायाको मृत्यु भयो।अब अनजान व्यक्तिहरूबाट पटक पटक अस्मिता लुटिएर मरेसरह भएर बाँचिरहेकी उसको भौतिक शरीर पनि रहेन। अकालमै उसले मृत्युवरण गरी। नाटककारले पितृसत्ताको शोषणमा परेर आफ्ना सन्तानको मायाबाट वञ्चित भई आफ्ना रहर र चाहनाहरूलाई कुल्चिएर कोठीमा लाश सरह जीवन विताएकी सुनमायाको पीडाको यथार्थ चित्रण गरेका छन्।

## ४.२ दाइजो नल्याएको निहुँमा जिउँदै जलाएर मारिएकी नारीको पीडाको चित्रण

दाइजो नपुगेको निहुँमा आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरूको मिलेमतोमा कैयौँ नारीहरूलाई जिउँदै जलाएर मार्ने गरिएका घटनाहरू हाम्रै समाजका यथार्थ हुन्। यस नाटकमा पनि दाइजो ल्याइन भनेर भरखर विवाह गरेर ल्याएकी नवदुलहीको शरीरको शोषण गरिएको छ। मञ्चमा अर्धमृत अवस्थामा सुतिरहेका नारीहरूको लाशलाई देखाउँदै अपरिचित पात्रमार्फत नाटककार भन्दछन् :

> हुन त डाक्टरको रिपोर्टमा यस्तो लेखिएको छ : जिउ पूरै जलेर मृत्यु भएको तर बिहे गरेर आएदेखि नै दाइजो कम ल्याएको निहुँमा भनाभन कुटाकुट भइरहन्थ्यो, मोटरसाइकल, कति लाख चाहिने रे सासूलाई गरगहना कम भयो आदि आदि नत्र ठीक नहुने भनी उनका माइतीले पुऱ्याउन सकेनन् । त्यसको परिणाम यस्तो भयो । घर सल्लाहमा मृत्युकाण्ड रचियो सासू ससुरा श्रीमान्, नन्द भएर जिउँदै मट्टितेल खन्याएर मृत्युको ताण्डव नृत्य मञ्चन भयो । गोप्य किसिमले सबै कार्यहरू भए अति गोप्यता छिमेकीले समेत थाहा पाएनन् । (पृ. ७०)

यहाँ पितृसत्तात्मक विचारधाराबाट अधीनस्थ भएका नारी र पुरुष दुवै पात्रबाट नारीको शरीरमाथि राजनीति गरिएको छ । भनेजति दाइजो ल्याउन नसक्दा आफ्नै श्रीमान्, सासू, ससुरा र नन्द मिलेर नवविवाहित दुलहीलाई मट्टितेल खन्याएर जिउँदै जलाएर मारिएको विभत्स घटनालाई प्रस्तुत गरी नाटककारले पितृसत्तात्मक सामन्ती संस्कृतिप्रति व्यङ्ग्य गरेका छन् । लाउँलाउँ खाउँखाउँ अवस्थाको जिउँदो शरीरलाई दिनदहाडै जलाएर मारेको विभत्स घटनाले पाठक, दर्शकहरूका छाती चसक्क चिरिन्छ अनि मुटु चहऱ्याउँछ ।

कसैले जलाएर मारेको नभएर दुलही आफैले मट्टितेल खनाएर आत्महत्या गरेकी हो भनी उक्त घटनालाई सामसुम पारी दबाइएको कुरा नाटकमा यसरी व्यक्त गरिएको छ :

> तर प्रहरीमा रिपोर्ट यसरी तयार भयो शरीरमा आफै मट्टितेल खन्याएर आत्महत्या शंका उपशंका भए पनि त्यसको अर्थ भएन किनकि त्यहाँ शंकाको कुरै आएन किनभने लक्ष्मीदेवीले करामत देखाइन्, अनि उनका माइतीलाई खबर गरियो । छिटो छिटो लगेर घाटमा खरानी बनाइयो । धर्मशास्त्रअनुसार मरेपछि ढिला गर्नु हुँदैन । (पृ. ७०)

पितृसत्तात्मक शासन व्यवस्थामा नारीलाई अझै पनि वस्तुका रूपमा प्रयोग गरी दाइजोसँग साट्ने प्रचलन व्याप्त छ । गरिब माइतीले भनेजति दाइजो पुऱ्याउन नसक्दा नवविवाहित नारीले जलेर मृत्युवरण गर्नु परेको र नारीको नृशंस हत्या गर्ने दुष्टहरू दिन दहाडै स्वतन्त्र भएर हिँडिरहेको अवस्थाको चित्रण गरी नाटककार सुवेदीले पितृसत्तात्मक संस्कृतिले भित्र्याएको कुरूपताप्रति व्यङ्ग्य गरेका छन् ।

### ४.३ छोरी छोरी पाएका कारण लोग्नेबाट हेला गरिएकी नारीको अवस्थाको चित्रण

पुरुषप्रधान पितृसत्तात्मक समाजमा छोरा र छोरीमाथि गरिने विभेदजन्य व्यवहार आजमात्र नभएर परम्परादेखि चलिआएको हो । जतिसुकै नारी समानताको कुरा गरे पनि नेपाली समाजमा अझै पनि लैङ्गिक विभेद कायम नै छ । प्रस्तुत नाटकमा छोरी मात्र पाई भनेर श्रीमान्ले सौता हाली कुटपिट गरेर घरबाट निकालेपछि लाशमा परिणत भएकी धनमायाका पीडालाई नाटकमा यसरी व्यक्त गरिएको छ :

> यो लाश देखाएर यो पनि उस्तै लाश हो, यो कतै कतै लावारिस भेटियो,
> धनमायाको  हो यो लाश, छोरीमात्र पाई भनेर सौता हाले
> अनि संयुक्त दल बनाएर कुटपिट गर्न थाले, खान दिन छाडे
> अनि एक दिन सौता र लोग्ने मिलेर घरबाट निकाला गरे
> पुनः आएमा मारिदिने धम्की दिए । (पृ. ७०)

यहाँ पनि नारी र पुरुष दुवै पात्रबाट नारी पात्र धनमायाको शरीरमाथि शोषण गरिएको छ । छोरी छोरी जन्माउनुमा नारी र पुरुष कसैको पनि दोष हुदैन । पितृसत्तात्मक समाजमा छोरा र छोरीबिचको भेदभावको थालनी परिवार र जन्मसँगै हुन्छ । छोरालाई वंश परम्परा धान्ने र पितृ तार्ने कुलदीपका रूपमा र छोरीलाई अर्काको घर जाने जात भनेर सन्तान नै नठान्ने परम्परागत संस्कृतिले गर्दा नारीहरू शोषणमा परेका छन् । नेपाली समाजमा नारीलाई अवला दासी ठानेर खुट्टा भए जुत्ता कति कति भन्ने सोचले गर्दा हरेक दुःख, सुखमा साथ दिने वाचा बन्धन गरेर विवाह गरेर ल्याएकी जीवन सङ्गिनीले छोरी छोरी पाई भनेर छोराको लागि दोस्रो विवाह गरी जेठीलाई हेला गर्ने परम्परा पितृसत्ताकै उपज हो । शरीर राजनीतिको अवधारणा प्रजनन अधिकारको हनन भएको मुद्दाबाट उठेको हो । रिमालको मशान नाटकमा आफ्नै लोग्ने कृष्णले आमा नबन्ने औषधी खुवाएर हेलेनको प्रजनन अधिकार खोसेको छ भने यहाँ छोरी छोरी जन्माई भनेर कान्छी ल्याई जेठीलाई घरबाटै निकालिदिएको छ । नाटककारले परम्परागत रूपमा नेपाली समाजमा घटिरहने यसप्रकारका घटनालाई टपक्क टिपेर नाटकमा प्रस्तुत गरेका छन् । धनमायाले छोरी छोरी पाएकै कारण लोग्नेले सौता हाल्यो । एक नारीले अर्की नारीको दुःख र पीडा बुझ्नुको साटो सौताले पनि लोग्नेसँग मिलेर धनमायालाई कुटपिट गरी । उनीहरूले खानसमेत नदिएर भोकभोकै तड्पाउन थाले र एकदिन घरबाटै निकालिदिएपछि दुईटी छोरी च्यापेर माइतीको शरणमा जाँदा त्यहाँ पनि बस्न नदिएको प्रशङ्ग नाटकमा यसरी व्यक्त गरिएको छ ः

> त्यसपछि दुई बच्चा च्यापेर माइतीको शरणमा गइन् । त्यहाँ पनि उनलाई सहयोग भएन उनलाई घर खान नसक्ने भनेर आरोप लगाइयो । फर्केर उतै जान भनियो । अनि त्यहाँबाट पनि बिदाइ गरियो । त्यसपछि उनी लाश भएर यताउता भौतारिरहिन् । छोराछोरीहरू कहाँ पुगे के गरे थाहा भएन । शायद तिनीहरू पनि लाशमा परिणत भए होलान् । (पृ. ९०)

मारे पाप पाले पुण्य भनेर कन्यादान गरेर दिइसकेपछि आफ्नो अभिभारा समाप्त भएको ठान्ने पितृसत्तात्मक संस्कृतिले गर्दा धनमायाले माइतीमा पनि बास पाइन । त्यसपछि सहाराविहीन भएर भौतारिँदा भौतारिँदै लाशमा परिणत भई । बाबु आमा नै नभएपछि नाबालक छोरीहरूको पनि कोही भएनन् । त्यसपछि उनीहरू पनि विचल्लीमा परेर लाशमा परिणत हुनुपरेको कारुणिक सामाजिक यथार्थलाई नाटककारले प्रस्तुत गरेका छन् ।

### ४.४ बोक्सीको आरोप लागी निर्घात कुटिएर गाउबाट निकालिएकी नारीको पीडाको चित्रण

नेपाली समाजमा अहिले पनि गरिबी, अशिक्षा र अज्ञानता व्याप्त छ । नेपाली जनताका छोराछोरी रोगले ग्रस्त हुँदा पनि गरिबी र अन्धविश्वासका कारणले डाक्टरको उपचार नपाएर मृत्युको शिकार भइरहेका छन् । यस नाटकमा पनि निमोनियाले थलिएको एक बालकको उपचार नभएर मृत्यु भएपछि गाउँकै रागिनीदेवी नाम गरेकी एउटी गरीब असहाय नारीलाई उसैले मारेको भनी बोक्सीको आरोप लगाएर सारा गाउँले तथा भद्र भलादमीहरू मिलेर सामुहिक रूपमा कुटपिट गरे । त्यसपछि मानव मल खुवाएर बेइज्जत गरी अर्धमृत अवस्थामा गाउँबाट निकालेपछि लाशमा परिणत भएकी नारीको कथा व्यथालाई नाटकमा यसरी व्यक्त गरिएको छ ः

> उनको कथा पनि कम रोचक छैन । छिमेकमा एउटा बच्चा अकालमै मऱ्यो । निमोनिया भएर समयमा उपचार नपाएर । अनि छिमेकीले बोक्सीको आरोप लगाएर उनैले मारेको घोषणा गरियो । मानव मल खुवाइयो, सबै भलाद्मीहरू सहमत भए, सबैले सामुहिक कुटपिट गरे । अर्धमृत बनाएर गाउँबाट निकाला गरेर समाजमा रागिनी देवीहरू लाशमा परिणत भइरहेछन् । (पृ. ७१)

नारीमाथि गरिएको यस्तो विडम्बनापूर्ण क्रुर दानवीय प्रहारबाट आहत नारीका भोगाइ र पीडाका अनुभूतिहरूलाई नाटकमा प्रस्तुत गरिएको छ ।

### ४.५ कुलतमा फसेको लोग्नेको हिंसामा परेकी नारीको पीडाको चित्रण

प्रत्येक नारीले आफ्नो लोग्नेबाट सौहाद्रपूर्ण व्यवहार माया र सहयोगको अपेक्षा गरेका हुन्छन् । अनेकौँ रङ्गीन सपना सजाएर विवाह गरी भित्रिएका नारीहरू आफ्नै पतिको हिंसामा परेर नारकीय जीवन जिउन बाध्य भएका छन् । प्रस्तुत नाटकमा रक्सीको कुलतमा परेको लोग्नेले भकुर्दा भकुर्दै लाश बन्न पुगेकी नारीको कथा व्यथालाई यसरी व्यक्त गरिएको छ ः

> शायद चिन्नुभयो होला देखिरहेको अनुहार वर्षेनी सन्तान पाएर रगत कम भएका, राम्ररी भर पेट खान नपाएका सानो घाउ भएर कुहिएर मरेका धामीका भरमा जीवन गुमाएकाहरू लोग्नेले रक्सी खाएर भकुरेकाहरू गधाभैँ जीवन भोगिरहेकाहरू तिनीहरूकै लाश हो । (पृ. ७१)

नेपाली समाज अझै पनि भोक, रोग, गरिबी, अशिक्षा र अन्धकारले जकडिएको छ । एकातिर पितृसत्तात्मक शोषण अर्कोतिर सुत्केरी अवस्थामा समेत पेटभर खान नपाउँदा रगत कम हुँदा, घाउ भएर बिरामी हुँदासमेत काममा खटिनुपरेको, अभाव र अज्ञानताका कारण धामीको भरमा जीवन बिताउन बाध्य नारीहरूको अवस्थाको चित्रण गरिएको छ । छोराछोरीका निम्ति भोको पेट लिएर रातो दिन काममा खटिएर काम गर्ने श्रीमतीलाई माया गरी हात बटार्नुको सट्टा उल्टै रक्सीले मातेर भकुर्नसमेत भकुरी गधाको जीवन भोग्न बाध्य भएर लाश बन्न पुगेका नारीका पीडाको यथार्थ चित्रण गरी नाटककारले नारीलाई शोषण गर्ने पितृसत्तात्मक परिपाटीप्रति व्यङ्ग्य गरेका छन् ।

## ५. शरीर राजनीतिप्रति प्रतिरोध

पितृसत्ताले शदियौँदेखि नारी शरीरको श्वार्थपूर्ण प्रयोग गर्दै आएको छ । यसको अन्त्य गरी नारीले स्वतन्त्र भएर आफ्नो शरीरमाथि पूर्णरूपले अधिकार पाउनुपर्दछ भन्ने मान्यता शरीर राजनीतिको रहेको छ । पितृसत्ताको चपेटामा परी आफ्नै श्रीमान् र परिवारको शोषण र उत्पीडनमा परेर लाश बनेका नारीका आत्माहरूलाई सम्बोधन गर्दै नाटककारले अन्याय र अत्याचारको विरुद्ध उठ्न आह्वान गरेका छन् ः

> उठ आत्माहरू
> जाग आत्माहरू
> अन्याय अत्याचारको अचानो फ्याँकेर

अन्धकार फ्याँकेर
तिमीलाई पशु बनाउनेलाई
तिमीमाथि अपराध गर्नेलाइ
तिमीलाई अन्धकारमा राख्नेलाई
हत्याराहरूलाई दण्ड दिनुपर्दछ
तिम्रो जीवन हर्नेलाई छोड्नुहुँदैन। (पृ. ७२)

नाटकमा स्वैरकल्पनाको प्रयोग भएको छ नभन्दै सबै लाशहरू जर्‍याकजुरुक उठ्छन्। हत्याराहरूको खोजीमा दगुर्छन्। नाटककार फेरि भन्छन् ः

अब हामी पनि जीवन बाँच्न पाउनुपर्छ
समयको छातीमा पाइला कोरेर हिँड्नुपर्छ
उठ आत्माहरू
जाग आत्माहरू
व्युँभ जीवनका गोरेटोमा। (पृ. ७२)

युगौँदेखि पितृसत्ताको ज्यादतीमा उत्पीडित भएर मृत्युवरण गर्न बाध्य नारीका पीडालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरी नारी स्वतन्त्रता र मुक्तिका लागि नारीहरू जाग्रित हुनुपर्दछ। जबसम्म पितृसत्तात्मक संस्कृतिको अन्त्य हुँदैन तबसम्म नारी शरीर अर्काको श्वार्थका निम्ति प्रयोग भइरहन्छ। यसको अन्त्यका लागि समाजमा खुलेआम घुमिरहेका अपराधिहरूलाई दण्डित गर्नका लागि नारीहरू जागृत भएर उठ्नुपर्दछ भन्ने सन्देश नाटकले दिएको छ। मृत अवस्थामा पुगेर मञ्चमा लडिरहेका आत्माहरू समेत अकस्मात चलमलाएर अब हामी पनि जीवन बाँच्नुपर्छ भन्दै अपराधीहरूको खोजीमा लागेको देखाएर नाटककारले नारीको उज्वल भविष्यको सङ्केत गरेका छन्।

**५. निष्कर्ष**

प्रस्तुत अध्ययन रोशन सुवेदीको ‘लाशहरू उठेपछि’ नाटकमा शरीर राजनीति शीर्षकमा केन्द्रित रहेको छ। अर्काको शरीरलाई आफ्नो अधीनमा राखी शोषण गर्नुलाई शरीर राजनीति भनिन्छ। शरीर राजनीतिले महिला र पुरुष दुवैको शरीरमाथि कसैको अधीन हुनुहुँदैन भन्ने मान्यता राख्दछ। महिला र पुरुषबीच लैङ्गिक विभेद ल्याउने प्रमुख तत्त्व पितृसत्तात्मक सोच हो। यस अध्ययनमा ‘लाशहरू उठेपछि’ नाटकका पात्रहरूमा निहित पितृसत्तात्मक सोच र त्यसबाट नारी शरीरको प्रयोग कसरी गरिएको छ भनी विश्लेषण गरिएको छ। नाटकका नारी पात्रहरू सुनमाया, धनमाया, सरस्वतीहरू, रागिनी देवीहरू, मारिनीदेवीहरू जस्ता नेपाली नारीहरूको शरीरलाई आफ्नै श्रीमान् र परिवारका सदस्यहरूबाट वस्तुकरण गरी शोषण गर्ने पितृसत्तात्मक सामन्ती संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ। आफ्नै श्रीमानबाट भारतको वेश्यालयका कोठीमा बेचेर एड्स जस्तो प्राणघातक रोग लागि

लाश बनेका, दाइजो नल्याएको निहुँमा मट्टितेल खन्याएर जिउँदै जलाएर मारिएका, छोरी छोरी पाई भनेर सौता हाली कुटपिट गरेर निकालिएपछि लाशमा परिणत भएका, बोक्सीको आरोप लागेर मानव मल खुवाएर गाउँबाट निकालिएका, जड्याहा लोग्नेबाट रक्सीको मातमा गधाझैँ निर्घात कुटिएर लाश बनेका नारीका उत्पीडन र पीडाको यथार्थ चित्रण गरी नाटककारले अन्याय र अत्याचारको विरुद्धमा प्रतिरोधी चेतना जगाउने कार्य गरेका छन् । जबसम्म पितृसत्ताको अन्त्य हुँदैन तबसम्म नारी शरीर अर्काको श्वार्थका निम्ति प्रयोग भइरहन्छ । यसको अन्त्यका लागि समाजमा खुलेआम घुमिरहेका अपराधिहरू दण्डित गर्नका लागि नारीहरू जागृत भएर उठ्नुपर्दछ भन्ने सन्देश नाटकले दिएको छ । मृत अवस्थामा पुगेर मञ्चमा लाश बनेर लडिरहेका आत्माहरू समेत अकस्मात चलमलाएर अब हामी पनि जीवन बाँच्नुपर्छ भन्दै अपराधीहरूको खोजीमा लागेको देखाएर नाटककारले नारीको उज्वल भविष्यको सङ्केत गरेका छन् ।

**सन्दर्भ सामग्रीसूची**


त्रिपाठी, सुधा (२०७१). 'नारीवादका सन्दर्भमा आमूल नारीवाद'.सुवेदी, राजेन्द्र (सम्पा.). *सैद्धान्तिक समालोचना* .काठमाण्डौं : जुगल पब्लिकेसन प्रा. लि.।

भट्राई, रमेश (२०६८). 'लैङ्गिक समालोचना'. सुवेदी राजेन्द्र र गौतम लक्ष्मणप्रसाद (सम्पा.) *बृहत समालोचना सैद्धान्तिक खण्ड*. काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

सुवेदी, रोशन (२०६०).'लाशहरू उठेपछि'. *समकालीन साहित्य* वर्ष १४ अङ्क १ पूर्णाङ्क ५१. काठमाडौं : नेपाल प्रज्ञा - प्रतिष्ठान ।

Faucault, M . (1989). *The Faucault Reader.* Paul Rabino Ed. Newyork : Pantheon Books.

Irigary, l.(1977). *This sex Which Is No One*. (Trans.Catherin Porter.With Carlon Burke). Newyork : Cornell University press.